



**कोभिडबाट सचेत रहौं**
- कोरोना सङ्क्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोनाविरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्यरूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

❖ वर्ष ३५ ❖ २०७९ वैशाख ०१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 14 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२६

# पर्सा काङ्ग्रेस गठबन्धनको विरोधमा माओवादी कार्यकर्ताद्वारा तोडफोड, तालाबन्दी

नितेश कर्ण, वीरगंज, ३० चैत/

नेपाली काङ्ग्रेस, वीरगंज महानगर कार्यसमिति, क्षेत्रीय तथा प्रदेश सभापतिहरूले बुधवार पत्रकार सम्मेलन गरी गठबन्धन गरी स्थानीय चुनाव लड्ने पार्टी सभापति शेरबहादुर देउवाको निर्णयको विरोध गरेका छन्।

नेका वीरगंज महानगर कार्यसमितिका सभापति मणिन्द्रलाल नेपाली, पर्सा क्षेत्र नं १ का सभापति अरविन्द गुप्ता, प्रदेश सभापतिहरू अनिल श्रीवास्तव, वेदनप्रसाद चौधरी, अनिल सिंह र शैलेन्द्र उपाध्यायले कुनै पनि दलसँग गठबन्धन नगरी नेका एक्लै स्थानीय चुनावमा भाग लिएको खण्डमा पूर्ण सफलता पाउने दाबी गरे। उनीहरूले दलीय गठबन्धनको आधारमा पार्टीका साथीहरूको भावनाविपरीत निर्वाचनमा भाग लिएको खण्डमा पार्टीलाई ठूलो घात हुने भन्दै पार्टीको ध्यानाकर्षण गराएका छन्। उनीहरूले पत्रकार सम्मेलनमा कुनै पनि हालतमा गठबन्धन स्वीकार्य नभएको पार्टी केन्द्रीय कार्यालयलाई विज्ञप्तिमार्फत अवगत गराएका छन्। यसअघि नेपाली काङ्ग्रेस, पर्साले फागुन महीनामा गठबन्धन गरी निर्वाचनमा सहभागी नहुने भनेर निर्णय गरेको थियो।



नेकपा माओवादी केन्द्र, पर्साको पार्टी कार्यालय। तस्वीर: प्रतीक

नेका, पर्साको सो निर्णयलाई पत्रकार सम्मेलनमार्फत प्रवक्ता रमेशनाथ पाण्डेले सार्वजनिक गरेका थिए। गठबन्धनको हल्ला चलिरहेको बेला पर्सा काङ्ग्रेसले स्थानीय तहको निर्वाचनमा पर्सामा गठबन्धन नगरी नेका एक्लै निर्वाचन लड्न समक्ष भएको भन्दै गठबन्धनको विरोध गरेको थियो। अहिले सरकारमा रहेका नेका, माओवादी केन्द्र, नेकपा एस, जसपा र राष्ट्रिय जनमोर्चा पार्टीले चैत २९ गते स्थानीय चुनाव गठबन्धनबाट लड्ने निर्णय गरेको थियो। यसका लागि वडाध्यक्ष, सदस्यहरूको वैशाख ३ गतेसम्म सिफारिश बुझ्न र प्रमुख तथा उपप्रमुखको सिफारिश गरी चैत ५ गतेसम्म पठाउन निर्देशन गरेको छ।

गठबन्धनले प्रमुख र उपप्रमुखको नाम केन्द्रीयस्तरबाट टुङ्गो लगाउने र सोमुनिका पदको टुङ्गो जिल्ला तहबाट गर्ने निर्णय अनुरूप सर्कुलर पठाएको छ। पाँच दलीय गठबन्धनको सरकारमा नेकाबाट गठबन्धनको विरोध देशव्यापीरूपमा भइरहेको छ र पर्सा यसमा अग्रपङ्क्तिमा उभिएको छ।

**धर्मेन्द्र चौरसिया, पोखरिया/**

गठबन्धनबाट स्थानीय चुनाव लड्ने विषयमा आक्रोशित माओवादी कार्यकर्ताहरूले नेकपा माओवादी केन्द्र, पर्साको पार्टी कार्यालय तोडफोड गरेर तालाबन्दी गरेका छन्।

वीरगंज महानगर–१३ राधेमाईस्थित पार्टी कार्यालयमा कार्यकर्ताहरूले बुधवार दिउँसो तोडफोड गरेका हुन्। उनीहरूले कार्यालयमा पुगी कुर्सी, टेबुल तोडफोड गर्नुका साथै तालाबन्दी गरे।

कार्यकर्ताहरूले पार्टी कार्यालय तोडफोड र तालाबन्दीको मुख्य कारण गठबन्धनबाट चुनाउमा भाग लिने भएको जनाउँदै ध्यानाकर्षणपत्र फालेका थिए। सो पत्रमा पालिका र वडास्तरमा सरसल्लाह नगरी गठबन्धनको बहानामा पार्टीका इमानदार नेता, कार्यकर्ताको राजनीतिक हत्या गर्न खोजिएको, कार्यालय र पार्टीको नाममा जिल्ला पदाधिकारीले ठाउँ–ठाउँमा चन्दा मागेर व्यक्तिगत खर्च चलाइरहेको आरोप पनि लगाइएको छ।

पत्रमा जिल्ला संयोजक र सचिवको यथाशीघ्र राजीनामा माग गरिएको छ। ध्यानाकर्षण पत्रमा पार्टीका सबै इमानदार नेता तथा कार्यकर्ता भनेर सम्बोधन गरिएको छ।

## पार्टीको साधारण सदस्यबाट निष्कासित

यसैबीच, नेकपा माओवादी पर्साका इन्चार्ज विजय महतो र जिल्ला संयोजक रामदरश कुशवाहाले विज्ञप्ति जारी गरी नेकपा माओवादी केन्द्र, वीरगंज महानगरका अध्यक्ष रहबर अन्सारी, उपाध्यक्षद्वय अनिरुद्ध यादव र जुमाद्दीन अन्सारीलाई पार्टीको साधारण सदस्यबाट समेत निष्कासित गरिएको जनाएका छन्। आज पार्टी कार्यालय तोडफोड र तालाबन्दी गरी जिल्लाका नेतृत्वहरूविरुद्ध गालीगलौज गराउने कार्यमा तीनजना जिम्मेवार भएको ठहर गर्दै विज्ञप्तिमार्फत उनीहरूलाई साधारण सदस्यबाट समेत निष्कासित गरिएको जानकारी गराइएको छ।

# पोषण सुधारको रकममा अनियमितता



तस्वीरः फाइल

प्रस, वीरगंज, ३० चैत/

स्थानीय चुनावमा जनप्रतिनिधिहरू व्यस्त भएको मौका छोपी पर्सा जिल्लाको धोबिनी गाउँपालिका कर्मचारीहरूले नियम मिचेर विभिन्न योजनाको रकम खर्चिरहेको समाचार प्राप्त भएको छ।

जनप्रतिनिधिहरू चुनाव प्रचारका लागि घरदैलो तथा भेटघाटमा व्यस्त रहेका बेला सो गापाका कर्मचारीहरू रकम बाँडफाँडमा भागबन्डा मिलाएको पाइएको छ। नेपाल सरकारले बहुक्षेत्रीय पोषण सुधारका लागि विपन्न, महिलालाई आयआर्जनका लागि पठाएको १० लाख रुपैयाँ अनधिकृतरूपमा प्रमुख कार्यकारी अधिकृत जयचन्द्र साहले कर्मचारी प्रदीप गुप्तालाई खर्च गर्न पेश्की दिएपछि कर्मचारीहरूबीच मनमुटाव शुरू भएको हो।

यो गापामा पहिलादेखि सरकारले प्रदीपकुमार रामलाई पोषण कार्यक्रम हेर्न फोकल पर्सनको रूपमा पठाएको छ। फोकल पर्सन रामले चालू आवको लागि पोषणसम्बन्धी कार्ययोजना गापाको बोर्डबाट स्वीकृतसमेत गराएका छन्। तर सो काम हेर्न कर्मचारीलाई बाइपास गरी गुप्तालाई सो शीर्षकमा रकम दिएकोमा कर्मचारीहरूको गुनासो छ।

गत आवमा पनि यस्तै एक सहकारीको खातामा रकम पठाइ कर्मचारीहरूले अनियमितता गरेको केही दिनपछि सार्वजनिक भएको थियो।

यस वर्ष पनि प्रमुख कार्यकारी

(बाँकी अन्तिम पातामा)

# अव्यवस्थित तवरबाट छवाली जलाइँदै, आगलागीको जोखिम बढ्दो

ओमप्रकाश चौधरी, सेढवा, ३० चैत/

पर्साका ग्रामीण भेगमा अव्यवस्थित तरीकाबाट गहुँको छवाली जलाउने कार्य भइरहँदा आगलागीको जोखिम बढेको छ।

किसानहरूले हार्भेस्टर प्रयोग गरी गहुँबाली भित्र्याइसकेका छन् र अहिले गहुँबाट निस्किएको छवाली जलाउन थालेका छन्। खेतमा रहेको छवाली अव्यवस्थित तवरले जलाएर नष्ट गर्ने क्रममा चैत महीनामा तीव्र गतिमा चल्ने हावाका कारण आगलागीको जोखिम बढेको छ। छवाली जलाउँदा वातावरण पनि प्रदूषित भइरहेको छ। गहुँपछि अर्को धानबालीका लागि गहुँको छवालीले क्षति पुऱ्याउने भएकोले यसलाई नष्ट गर्नुपरेको जीराभवानी गापा–४ का किसान नमीदास थारूले बताए। धान रोपाइँको समयमा गहुँको सामान्य भुसका टुक्राले पनि बिरुवा मर्ने उनले बताए। केही किसानहरूले वस्तुभाव पालेका कारण थोरै छवालीलाई भुसको रूपमा प्रयोग गर्ने गरेको किसान थारूले बताए।


तस्वीरः प्रतीक



गहुँबालीको छवालीको प्रयोग गरी सौन्दर्य तथा घरेलु प्रयोजनका विभिन्न सामग्री उत्पादन गरी बिक्री वितरण गरी आम्दानी गर्न सकिन्छ तर स्थानीय सरकारको कार्यकाल सके पनि यससम्बन्धी तालीमको व्यवस्था नगरेको स्थानीयको भनाइ छ।

छवाली आगो लगाएर नष्ट नगर्न प्रहरीले कुनै रोकटोक गरेको छैन। यस सम्बन्धमा इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी नायब निरीक्षक नन्दकिशोर साहले खेतबारीमा लगाइएको आगो नियन्त्रणका लागि व्यावहारिकरूपले सल्लाह सुझाव दिँदै आएको बताए।

## स्वास्थ्य मापदण्डको पालना गरौं

नववर्ष २०७९ को अवसरमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, संवाददाता, स्तम्भकार, वितरक, शुभेच्छुकहरुमा हार्दिक मङ्गलमय शुभकामना।

***हाम्रो भेट वैशाख ३ गते शनिवार हुनेछ।***

**प्रतीक** दैनिक परिवार



## विचारसार एवं सूक्तिहरू

**जीवनमा सबैभन्दा महँगो उपहार समय हो । किनकि जब तपाईं कसैलाई समयको एक क्षण पनि दिनुहुन्छ, त्यो क्षण फेरि फर्केर तपाईंलाई प्राप्त हुँदैन ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नयाँ वर्ष : तातो न छारो

**देशमा नयाँ वर्षले पाइला टेकेको छ । यसो त नयाँ वर्षको पहिलो दिन हर्ष, उत्साह, जोश, जाँगरको अनुभूति दिने दिन हो । तर यस पालि त्यस्तो पटक्कै छैन । एउटा सुप्त आशङ्काले घरीघरी टाउको उचाल्न खोज्दैछ । किनकि नेपालका बुद्धिजीवीहरूले देश श्रीलङ्काको अवस्थामा पुग्ने कोकोहोलो मचाइरहेका छन् । दोस्रोतिर युक्रेनमा रूसले आक्रमण गरेको पचास दिन पुगेको छ । विश्वको सर्वाधिक सामरिक शक्तिसम्पन्न राष्ट्रले एउटा फिस्टो राष्ट्रलाई पराभूत पार्न यतिका दिन लाग्नुले उसको अहम् र सामर्थ्य आहत भएको छ । युद्ध जुनसुकै कारणले भएको होस्, विजयको सङ्केत अहिलेसम्म नदेखेको रूसले भोलि अन्ततः परमाणु अस्त्र नै प्रयोग गर्ने त होइन भन्ने आशङ्काले सबैको मनलाई विदग्ध पारेको छ । यस्तै बेला देशमा निर्वाचनको गहमागहमी व्याप्त छ । अनि कसले र कसरी नयाँ वर्ष मनाओस्, नयाँ वर्षको खुशी र हर्षले किन कसैलाई आप्लावित गरोस् ! कृषिप्रधान देशले खाद्यान्न मात्र होइन, अन्यान्य खाद्य पदार्थसमेत आयात गर्न थालेको वर्षौं भइसकेको छ । सरकार देशमैं उत्पादन बढोस्, विभिन्न उद्योग, कलकारखाना स्थापित होस् भन्ने सोचबाट शून्य छ । अनि कसरी आज नभए भोलि सुख-दिन आउँढ भनेर खुशी मनाउने ?**

**तर मानिस कस्तै पनि प्रतिकूलताले पराजित हुँदैन । नेपाली जनता पनि पराजय बेहोर्दैन । किनकि नेपालीलाई थाहा छ, जति पनि विडम्बना जन्मेको छ त्यो यथार्थ होइन, कृत्रिम हो । केही लोभीपापीहरूलाई देशको दुर्दशाको गाथा कथेर आफू अनुकूल वातावरण सिर्जना गर्नुछ । परिस्थितिलाई जति भयावह देखायो, सोफाहरू जान्नेको कुरा सुन्न बाध्य हुन्छन् । र कुरा सुन्नेलाई फकाउन सजिलो हुन्छ । देशको स्थिति भयावह बनाउनुको पछाडि यही मात्र कारण हो । तर भ्रूटको साम्राज्य धेरै दिन टिक्दैन । यसको पतन निश्चित छ । यो पतनलाई सक्दो नजीक ल्याउने काम नेपाली नागरिकमा निर्भर छ । किनकि नागरिकले यी तमाम भ्रम, विभ्रम, आश्वासन आदिलाई चिर्ने वर्ष यही हो । ठीक छ, बितेको वर्ष उपादेय रहेन, तर यस वर्षलाई उपादेय बनाउन हामीलाई कसैले रोक्न सक्दैन, किनकि यो नागरिक-वर्ष हो । यस वर्षको शुरूमा स्थानीय निर्वाचन हुँदैछ, मध्य र अन्तसम्म प्रदेश र सङ्घको पनि निर्वाचन सम्पन्न हुनेछ । एक दिन अल्मल्याएर पाँच वर्ष राज गर्नेहरूलाई नागरिकले एक दिनको भिरुता त्यागेर, लोभ-लालचमा नपरेर, जस्तै आश्वासनको उपेक्षा गरेर मन-चित्तले बुझेको काम गर्ने हो भने आगामी पाँच वर्ष सुख, समृद्धि र उन्नतिको वर्ष हुनेछ ।**

**कलेन्डर केही होइन, आफूले बनाए यो उत्तम हुन्छ, बिगारे निकृष्ट हुन्छ । कलेन्डर निष्क्रिय वस्तु हो । समय निष्पक्ष र पूर्वाग्रहरहित हो । हामी आफैंले असल र कमसल वा पत्रु रोज्ने हो । हामी जे रोज्छौं, प्रतिफल त्यस्तै प्राप्त गर्छौं । हामीले असल गऱ्यौं भने वर्ष शुभ हुन्छ, हामीले बिगाऱ्यौं भने वर्ष अशुभ, हानिकारक र दोषयुक्त हुन्छ । कलेन्डरले केही गर्दैन । समयले केही गर्दैन । तसर्थ 'तातो न छारो' अवस्था पार गरौं, एकपटक मात्र भ्रमबाट हटौं, दुःस्वप्नलाई टक्टक्याएर हटाऔं, न परमाणु-युद्धले हामीलाई तर्साउन सक्छ, न श्रीलङ्कामा के भयो भन्ने कुराले चिन्ता बढाउँछ । लोभी-पापीहरूले निराशाजनक कुरा गर्छन्, किनकि निराशामा नै उनीहरूको स्वार्थको बीजारोपण सम्भव हुन्छ । ओसिलो ठाउँ नै कीटाणु उत्पादन स्थल हो ।**

# नयाँ वर्ष २०७९ : शान्ति र समृद्धिको कामना


स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**बितेको वर्षले आर्थिक क्षेत्रमा निकै गहिरो प्रभाव पारेको विश्लेषण गरिएको छ र देश चुनावको सँघारमा छ । यस नयाँ वर्षको पहिलो महीना पालिकास्तरको चुनाव र यसै वर्ष कुनै उचित समयमा प्रदेशसभा तथा प्रनिनिधिसभाको चुनाव पनि हुने करीब निश्चित छ ।**

आजदेखि नयाँ वर्ष प्रारम्भ हुँदैछ । आज दिनभरि सबैतिर शुभकामना आदानप्रदानको कार्यक्रम भइरहन्छ । औपचारिक र अनौपचारिकरूपमा शुभकामना आदानप्रदान गर्ने तथा सामाजिक सञ्जालमा शुभकामनाका शब्दहरू राख्ने काम दिनभरि नै भइरहन्छ। नयाँ वर्षको प्रारम्भ प्रायः यस्तै तरीकाले हुने गर्दछ ।

यस पालि नयाँ वर्ष आएजस्तै लागेको छैन, धेरैलाई । नयाँ वर्ष किन आएको होला भन्ने प्रश्न गर्दा धेरैको जवाफ यस्तै रह्यो – किन हो किन थाहै भएन । खोई, कसरी भनूँ तर नयाँ वर्षको अनुभूति हुन पाएको छैन । यस वर्ष प्रतीक्षा गर्नुपऱ्यो जस्तो लागेन, त्यही भएर नयाँ वर्ष घरआँगनमैं आइपुगेको पत्तै भएन ।

नयाँ वर्ष आफैं ढोल बजाएर आउँदैन। यो अनुभूति हो र समयको एउटा मापन हो। समयको भौतिक मापन कतै देखिनुपर्ने हो तर यो क्यालेन्डरमा नापिन्छ । आजदेखि सर्वसाधारणको घरमा नयाँ पात्रो फेरिएको छ । नयाँ पात्रोले घरमा नयाँ वर्षको सङ्केत दिन्छ। नयाँ पात्रोमा पहिलो दिन आजै हो । यसकारण पनि नयाँ वर्ष मानिएको हो।

नयाँ वर्ष प्रायः नेपालीको घरमा मानाइन्छ । आजको नयाँ दिनको कुनै शास्त्रीय आधार छैन। हिन्दू धर्मशास्त्रले व्याख्या गरेको नयाँ वर्ष चाहिं विक्रम संवत्को रूपमा चैत महीनाको शुक्ल पक्षको पहिलो दिन अर्थात् चैत्र शुक्ल प्रतिपदाको दिन हो । त्यसलाई नयाँ वर्ष मान्ने गरिन्छ। त्यस अनुसार एक महीना हुनको लागि फेरि चन्द्रमा उदाउनुपर्दछ तर नेपालमा जब विक्रम संवत्लाई व्यवस्थित गरियो तब मात्र एक महीनामा लगातार तीस दिन बनाइएको हो, हैन भने पहिले एक महीनामा दुई पक्ष हुन्थे र दुई पक्षलाई क्रमशः एकदेखि पन्ध्रसम्म गनिन्थ्यो। यसरी एक महीनामा पहिलो पक्ष र दोस्रो पक्ष अर्थात् शुक्ल पक्ष र कृष्ण पक्षका एकदेखि पन्द्रसम्मको तिथिलाई गते मानिन्थ्यो । पछि बल्ल दुवैलाई मिलाएर महीनाको तीस दिन बनाइएको हो । तिथिले गर्दा एक वर्षको बाह्र महीनामा करीब तीन सय साठी दिन हुन्थ्यो तर गते प्रणाली ल्याइएपछि वर्षमा तीन सय पैसठ्ठी दिन हुन थालेको हो ।

अहिले नेपालीको घरमा नयाँ वर्ष यही विक्रम संवत् अनुसार मनाइन्छ ।

नयाँ वर्षको दुई रूप हुन्छ । पहिलो परम्परागत र दोस्रो आधुनिक । परम्परागत स्वरूपमा आजको दिन अधिकांश नेपालीको घरमा सफा गरेर नुहाइधुवाइ गरी पूजा गरिन्छ । बज्जिकाञ्चलमा आजको दिन सतुवान मनाइन्छ । यस दिन सातु र आँपको टिकोराको चटनी खाने चलन छ। यस दिन सतुवा खानुको वैज्ञानिक कारण होला । तर देउतालाई नै चढाइन्छ । यसरी यस दिनको सांस्कृतिक विशिष्टता पनि रहेको छ । बिहान अधिकांशको घरमा सादा तर मीठो भोजन पाक्दछ। आजभोलि धेरैको घरमा मासु वा माछा नै पाक्न थालेको छ। यस विषयमा पनि ग्रामीण र शहरी क्षेत्रमा केही भिन्नता छ। अझ युवा घरमूली भएको परिवार र प्रौढ घरमुली भएको परिवारमा पनि केही भिन्नता छ। प्रौढ घरमुली भएको परिवारमा कम्तीमा तरुवा पाक्छ नै । सम्भव भएसम्म खीर पनि पाक्दछ । अन्य सम्भव भएसम्मका मीठो परिकार खाना पाक्दछ घरमा । र आधुनिक किसिमले नयाँ वर्ष मनाउनेहरू घरभन्दा बाहिर गएर नयाँ वर्षलाई मनाउँछन् । घरभन्दा बाहिर कतै समूह बनाएर त कतै आफ्नै परिवारका सदस्यहरू घुम्न निस्केर वा कतै होटलमा गई मीठो खाना खाइन्छ। यसरी घरभन्दा बाहिर गएर पिकनिक वा सानो टुर मनाउनेको सङ्ख्या बढ्दो क्रममा छ। हरेक साल यो बढ्दै गएको छ । यसरी बढिरहेको छ कि नेपालको मौलिक नयाँ वर्ष भनिएको विक्रम संवत्लाई घरभन्दा बाहिर मनाउनेले यसमा कुनै मौलिकता छ भन्ने नै देखाउँदैन। वास्तवमा घरभन्दा बाहिर मनाइने नयाँ वर्षमा यति धेरै आधुनिकता हुन्छ कि यो विदेशी नयाँ वर्षजस्तै भएको छ।

हामी अन्तर्राष्ट्रिय नयाँ वर्ष पनि मनाउँछौं र नेपाली नयाँ वर्ष पनि मनाउँछौं। अन्तर्राष्ट्रिय नयाँ वर्ष र नेपाली नयाँ वर्ष मनाउने तरीकामा कुनै भिन्नता देखिन्छ त ? किन नेपाली मौलिकताको नयाँ वर्ष मनाउने तरीका हराउँदै गयो ? यसको खोजीनिति गर्नेतिर कसैले ध्यान दिन सकेको छैन । हाम्रा शिक्षितहरूको कमजोरी यहीं देखिएको छ । शिक्षित समुदायले नै हो घरभन्दा बाहिर गएर नयाँ वर्ष मनाउन थालेको। यो अरूको अनुकरण हो तर अरूको अनुकरण अन्धानुकरण हुनुभएन । आफ्नो मौलिकता छुँदैछैन । मौलिकतासहितको नयाँ वर्ष घरभित्र मनाएजस्तै घरबाहिर पनि मनाउनु उचित हुन्छ। यतातिर साँच्चै गम्भीर हुनु अहिलेको आवश्यकता हो ।

मौलिक नेपाली वर्षको स्वरूप कस्तो हुनुपर्छ ? यस विषयमा आजको दिन बहस हुनु जरूरी छ। यो जरूरी छैन कि अहिले छैन भने नयाँ मौलिक चलन चलाउन सकिन्न तर जहाँसम्म मलाई लाग्दछ माथि सतुवानको सन्दर्भ आएजस्तै विभिन्न जाति र विभिन्न भूभागमा यस दिन अनेक संस्कृति मानिने गरिन्छ । यस दिन सम्बन्धित पालिका तथा प्रदेशस्तरको आफ्नो मौलिकतासहित नयाँ वर्षको प्रचार गर्न सकिन्छ। यसले नयाँ वर्षमा एकातिर सांस्कृतिक पर्यटनको विकास हुन्छ भने अर्कोतिर आफ्नो संस्कृतिको जगेर्ना पनि हुन्छ। संस्कृतिको जगेर्ना नै अहिलेको मूल आवश्यकता हो। जथाभावी अन्धानुकरणबाट हाम्रो मौलिक संस्कृतिप्रति बढेको हस्तक्षेपले हाम्रा सन्ततिले संस्कृतिको अर्थ उही घरबाहिर जाने र जङ्गल वा कुनै पिकनिकस्थल वा कुनै धार्मिक स्थलको वरपर डिजे बजाएर साधारण रमाइलो गर्ने अनि रक्सी टन्न खाने दिन भनेर बुझ्न नथालोस् । हाम्रा संस्कृतिहरू मौसम अनुसार, भूगोल अनुसार र अन्य धेरै किसिमले प्रभावित भएर निर्माण भएका छन्। सबै संस्कृति एकै किसिमले मनाइन्न भन्ने कुरो पनि बुझ्नु आवश्यक छ। यही कुरा बुझाउनु परेको छ नयाँ पुस्तालाई पनि। र, नयाँ वर्षहरू नवीन पुस्तालाई आफ्नो मौलिकता बुझाउने अवसरको रूपमा पनि हुनुपर्छ।

आजदेखि जुन नयाँ वर्ष प्रारम्भ भएको छ यसको पृष्ठभूमि तयार गर्ने २०७८ ले खासै नयाँ र सुखद सन्देश ल्याउने वर्षको रूपमा आफ्नो पहिचान कायम गर्न सकेन। कोरोना महामारीको भयङ्कर त्रास रहेको समयदेखि त्यो वर्ष शुरू भएर राजनीतिक, न्यायिक तथा आर्थिक क्षेत्रका धेरै उतारचढाव गर्दै निर्वाचनको मुखमा आएर समापन भएको छ । बितेको वर्षले मुख्यगरी आर्थिक क्षेत्रमा निकै गहिरो प्रभाव पारेको विश्लेषण गरिएको छ र देश चुनावको सँघारमा पुगेको छ । यस नयाँ वर्षमा देशमा चुनाव हुन्छ नै। नयाँ वर्षको पहिलो महीनामा पालिकास्तरको चुनाव र यसै वर्ष कुनै उचित समयमा प्रदेशसभा तथा प्रनिनिधि सभाको चुनाव पनि हुने करीब निश्चित छ । यसै कारण राजनैतिक क्षेत्रमा २०७९ लाई चुनावको वर्ष पनि भनिएको छ । यस वर्ष सबै चुनावहरू शान्तिपूर्ण रूपमा सम्पन्न होऊन्। देशमा शान्ति र स्थिरताको सरकार बनोस् । देशका नागरिकलाई चाहिएको विकास होओस्। नागरिकको सबै चाहना पूरा नभए पनि कम्तिमा शान्तिको चाहना भने पूरा होओस्। देशको अर्थतन्त्र बलियो भइरहोस् र देशमा सर्वत्र शान्ति रही त्यही शान्तिको धरातलमा सबैले समृद्धिको सपना देख्न सकून्। नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सबैमा यही छ हार्दिक मङ्गलमय शुभकामना !

# एमसिसी पारित हुँदा एमालेले किन विरोध गरेन –अध्यक्ष लिङ्देन

प्रस, निजगढ, ३० चैत/

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले केही नेताहरूले संसद्बाट एमसिसी पारित गर्न व्याख्यात्मक टिप्पणीको नाटक मञ्चन गरेर आफूलाई असली राष्ट्रवादी बनाउन खोजेको आरोप लगाएका छन्।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन । तस्वीरः रासस

निजगढ नगरपालिकाको शहीद चोकमा आयोजित आमसभामा अध्यक्ष लिङ्देनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसमेत एमसिसी पारित गर्ने कुरामा सहमत भएको घटनाक्रमले पुष्टि गरेको दाबी गरे। उनले एमसिसी पारित गर्न एकतर्फी व्याख्यात्मक टिप्पणीबाट हुने भए सन् १९५० को असमान सन्धिको पनि व्याख्यात्मक टिप्पणी गर्न सक्ने हिम्मत देखाउन ठूला दलका नेताहरूलाई चुनौती दिए।

राष्ट्रवादी, विकासप्रेमी भनाउँदा नेताहरूलाई नेपाली जनताले आगामी चुनावमा देखाइदिने उनले बताए। अध्यक्ष लिङ्देनले ओली सरकारको शासनकालमा भएको भ्रष्टाचारलाई देउवा शासनकालमा पनि निरन्तरता दिइएको आरोप लगाए । उनले अहिले जतातत्तै भ्रष्टाचार, बेथिति बढिरहेको भन्दै सोको अन्त्यका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनावी घोषणापत्र लिएर जनताका घरदैलोमा आउने बताए ।

उनले अर्थतन्त्र डामाडोल भइरहेको र ५० लाखभन्दा बढी युवा रोजगारका लागि विदेश पलायन भएकोमा दुःख व्यक्त गरे ।

शासनसत्ता बदलिए पनि जनताको अवस्था कहिल्यै नबदिलिएको, सङ्घीयताको नाममा जनतामा भ्रम छर्दै देशलाई श्रीलङ्का जस्तो नाजुक अवस्थामा ठूला दलका नेताहरूले पुऱ्याएको आरोप लगाए ।

कार्यक्रममा पार्टीका उपाध्यक्ष ध्रुव प्रधान, महामन्त्री राजेन्द्र गुरुङ, केन्द्रीय सदस्य रेखा थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

निजगढ नगर अध्यक्ष खड्गप्रसाद उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका जिल्ला सदस्य शेषा सापकोटाले स्वागत र नगरसचिव राजेन्द्र सापकोटाले सहजीकरण गरेका थिए ।

# बालबालिकालाई चुनावमा दुरुपयोग नगर्नेसम्बन्धी कार्यक्रम सम्पन्न

प्रस, काठमाडौं, ३० चैत/

कन्सोर्टियम नेपाल, सेभ द चिल्ड्रेन तथा वर्ल्ड भिजनको आयोजनामा 'बालबालिकाको विषय बालबालिकाकै नजर' कार्यक्रम बुधवार ललितपुरमा सम्पन्न भएको छ। पार्टीका घोषणापत्रमा बालबालिकाको कुरा समेट्न र निर्वाचनमा बालबालिकाको दुरुपयोग नहोस् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना भएको हो । कार्यक्रममा बालबालिकाका सबै विषयवस्तु समेटिएको अवधारणापत्र राजनीतिक दलका प्रतिनिधिहरूलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा बालबालिकाका प्रश्नहरूलाई राष्ट्रिय किशोर सञ्जालका केन्द्रीय सदस्य दिवस सर्राफ र अनामिका बस्नेतले पढेर सुनाएका थिए।

कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य शर्मिला कार्की, नेपाली काङ्ग्रेस

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# २०७९ सालको वार्षिक राशिफल

ज्यो. पं. छविरमण सुवेदी

**मेष**: यो वर्ष सामान्य रहनेछ । आर्थिक दृष्टिले उन्नतिको वर्ष रहेको छ। यस वर्ष शनि, वृहस्पति, राहु र केतु प्रतिकूल रहनाले दुःख, शारीरिक पीडा, अनावश्यक खर्च आदि समस्याहरू देखा पर्ने हुन्छ । माघपछि भने अधूरा कामहरू बन्ने, मनमा शान्ति मिल्ने, घरमा माङ्गलिक काम हुने, शिक्षा क्षेत्रमा सफलता मिल्ने, सन्तान सुख प्राप्त हुने, नोकरीमा पदोन्नति हुने, पशु व्यवसाय र वैदेशिक रोजगारमा सफलता मिल्ने योग रहेको छ। यस वर्ष नयाँ व्यवसायको थालनी गर्ने वर्ष पनि रहेको छ। आर्थिक दृष्टिले असार, असोज, माघ र फागुन महीना लाभदायी रहनेछन् ।

**वृष**: वर्ष मध्यम फलदायी रहेको छ। वृहस्पतिको शुभ प्रभावले आम्दानी बढ्ने, मानसिक शान्ति मिल्ने, शत्रुमाथि विजय प्राप्त हुने, व्यापार, व्यवसाय र पशु व्यवसायबाट लाभ हुने योग रहेको छ। मान, सम्मान र आर्थिक प्रगति हुने देखिन्छ । राहु र शनिको प्रतिकूलताले आकस्मिक धनहानि, अपमान, अपयश, शत्रुपीडा हुन सक्छ। यसका लागि राहु, शनिको शान्ति गर्नु भए शुभ फल प्राप्त हुनेछ । अध्ययन, अध्यापनमा सफलता मिल्नेछ। घरमा माङ्गलिक कार्य हुनेछ। वर्षको पूर्वाद्धमा वैदेशिक क्षेत्रका काममा अलमल हुने र उत्तरार्द्धमा सफलता मिल्ने योग बनेको छ। आर्थिक दृष्टिले साउन, कात्तिक, फागुन र चैत महीना शुभ रहेका छन् ।

**मिथुन**: वर्ष सामान्य रहेको छ । राहु ग्रह अनुकूल रहेकाले सुख, शान्ति मिल्नेछ । नयाँ कामको थालनी हुने, नोकरीमा सफलता मिल्ने ग्रहयोग बनेको छ। वृहस्पति, शनि र केतुको प्रतिकूलताले सन्तानमा पीडा, अनावश्यक खर्च, वायुजन्य रोगको प्रकोप, शत्रुवृद्धि, नास्तिक विचार आउने हुँदा अशुभ फलबाट बच्नको लागि वृहस्पति, शनि र केतुको शान्ति गर्नुपर्नेछ । वर्षको सुरुआतमा स्वास्थ्यसम्बन्धी समस्याले सताए पनि उत्तरार्द्धमा स्वास्थ्यमा सुधार आउनेछ । वैदेशिक क्षेत्रका काम अधूरा रहनेछन् । पठनपाठनमा जाँगर घट्नेछ । यो वर्ष प्रशस्त धनलाभ हुने देखिन्छ । आर्थिक दृष्टिले वैशाख, भदौ, मङ्सिर र चैत महीना शुभ रहेका छन् ।

**कर्कट**: वर्ष अनुकूल रहेको छ । वृहस्पतिको अनुकूलताले सुख, शान्ति मिल्ने, मान-सम्मान र धार्मिक कार्यम रुचि बढ्नेछ । धार्मिक यात्रा हुने, पठनपाठनमा सफलता मिल्नेछ। शनि र केतुको प्रतिकूलताले शारीरिक पीडा, मनमा भय हुने देखिन्छ। पति-पत्नीबीच मनमुटाव, व्यापार-व्यवसायमा मन्दी छाउने देखिन्छ। वैदेशिक क्षेत्रको काममा सफलता मिल्नेछ। परिवारमा माङ्गलिक कार्य हुनेछ। यस वर्ष धार्मिक क्षेत्रको काममा सफलता मिल्ने ग्रहयोग रहेको छ । वैशाख, जेठ, असोज र पुस महीनाहरूमा आर्थिक लाभ हुने देखिन्छ।




**सिंह**: यो वर्ष शुभ रहेको छ। शनि फलदायी रहनाले रोग र शत्रुभयबाट छुटकारा मिल्नेछ । नयाँ व्यवसायको सुरुआत हुने, सुख, शान्ति र सफलता मिल्ने, इष्टमित्र, दाजुभाइको सहयोग मिल्ने वर्ष रहेको छ। राहु र वृहस्पतिको अशुभ प्रभावले दुर्घटना, मानसिक भय, पापकर्ममा आसक्ति बढ्ने हुनाले राहु र वृहस्पतिको शान्ति, उपाय गर्न आवश्यक छ । पठनपाठनको क्षेत्रमा अलमल हुने, दाम्पत्य जीवनमा सुमधुरता बढ्ने, पारिवारिक सुख, सन्तोष मिल्ने देखिन्छ। कृषि र पशु व्यवसायबाट विशेष आम्दानी हुने वर्ष रहेको छ। वैदेशिक व्यापार र काममा भने आम्दानी घट्नेछ । जेठ, असार, असोज र पुस महीना विशेष फलदायी रहनेछन् ।

**कन्या**: यो वर्ष मध्यम फलदायी रहेको छ । वृहस्पतिको शुभ प्रभावले व्यापार, व्यवसायमा लाभ, दाम्पत्य जीवनमा सफलता मिल्नेछ। राहु र केतुको अशुभ प्रभावले चोटपटक, शत्रुवृद्धि, आर्थिक नोक्सानी बेहोर्नुपर्नेछ । शनिका कारण सन्तानमा पीडा, धनहानि जस्ता समस्याहरू पनि आउन सक्छन्। आम्दानी भने यो वर्ष प्रशस्तै हुनेछ । सामाजिक, धार्मिक कार्यमा रुचि बढ्नेछ। नोकरीमा अपयश खप्नुपर्नेछ । वैदेशिक क्षेत्रका काममा सफलता मिल्नेछ। पठनपाठनमा कडा मिहिनेत आवश्यक छ । आर्थिक दृष्टिले असार, साउन, मङ्सिर र फागुन महीना शुभ रहेका छन् ।

**तुला**: यो वर्ष सामान्य रहनेछ । वृहस्पति, शनि, राहु र केतु ग्रहहरूको प्रतिकूलताले शारीरिक रोग, आर्थिक समस्या, शत्रुभय जस्ता अशुभ फल दिने भएकाले गुरु, शनि, राहु र केतुको शान्ति उपाय गर्न आवश्यक छ । व्यापार-व्यवसाय, पशुपालनबाट राम्रै आम्दानी हुनेछ । नोकरीमा समस्या, अपयश सहनुपर्नेछ । सामाजिक क्षेत्रमा मान, सम्मान मिल्नेछ । सन्तानप्राप्ति, तीर्थस्थलको भ्रमण हुने योग रहेको छ। वर्षको अन्त्यतिर आकस्मिक धनलाभ हुने देखिन्छ। शरीरमा आलस्य बढ्नाले अध्ययन, अध्यापन क्षेत्र कमजोर हुनेछ। आर्थिक दृष्टिले साउन, भदौ, पुस र चैत महीना शुभ देखिन्छन् ।

**वृश्चिक**: वर्ष फलदायी रहनेछ । वृहस्पति, शनि र राहुको शुभ प्रभावले सुख, शान्ति मिल्ने, लाभ, यश बढ्ने, शिक्षा क्षेत्रमा सफलता, परिवारमा माङ्गलिक कार्य हुने, शत्रुहरूमाथि विजय पाउने योग रहेको छ । नोकरी गर्ने व्यक्तिहरूका लागि पदोन्नतिको अवसर मिल्नेछ। आफन्तले कुरा काट्ने, अवरोध खडा गर्ने हुँदा सतर्कता आवश्यक छ । पशु व्यवसायबाट हानि हुने, व्यापारबाट राम्रै लाभ हुने देखिन्छ। वैशाख, भदौ, असोज र माघ महीना विशेष फलदायी रहनेछन् ।

**धनु**: मध्यम फलदायी वर्ष रहेको छ। केतु ग्रहको शुभ प्रभावले आम्दानी र यश बढ्ने, व्यापार-व्यवसायमा प्रगति हुने, नोकरीमा सम्मान मिल्ने देखिन्छ । राहु, शनि र वृहस्पति अशुभ रहनाले परिवारको असहयोग, स्वास्थ्य कमजोर, आम्दानीको तुलनामा खर्च बढी, मनमा अशान्ति देखा पर्नेछ । साढेसाती शनिको प्रभावले झूटा आरोप, शरीरमा आलस्यता, अनावश्यक खर्च हुने भएकाले शनि, वृहस्पति, राहुको शान्ति उपाय गर्न आवश्यक छ। वर्षको उत्तरार्द्धमा भने अधूरा काम बन्ने, पठनपाठन क्षेत्रमा सफलता मिल्ने योग रहेको छ। आर्थिक दृष्टिले जेठ, असोज, कात्तिक र फागुन महीना शुभ रहेका छन् ।

**मकर**: यो वर्ष सामान्य बित्नेछ । वृहस्पति, शनि, राहु र केतु ग्रहहरू प्रतिकूल अवस्थामा रहेकाले शारीरिक समस्या, मानसिक भय, सम्पत्तिको दुरुपयोग, शत्रुभय जस्ता समस्याहरू देखा पर्ने हुँदा यी ग्रहहरूको शान्तिका लागि पूजापाठ, शान्तिकर्महरू गर्नु भए अशुभ फलमा कमी आउनेछ। पठनपाठन क्षेत्रमा सफलता मिल्नेछ। मान, सम्मान बढ्नेछ। पारिवारिक उन्नति हुने वर्ष रहेको छ। तीर्थ, भ्रमणको योग देखिन्छ। व्यापार-व्यवसायमा सफलता, मुनाफा प्राप्त हुनेछ। असार, कात्तिक, मङ्सिर र चैत महीना विशेष फलदायी रहेका छन् ।

**कुम्भ**: यो वर्ष शुभ रहेको छ । वृहस्पति र राहुको शुभ प्रभावले आर्थिक उन्नति, शारीरिक समस्या हटेर जानेछ। नयाँ कामका अवसरहरू प्राप्त हुनेछन् । साढेसाती शनि प्रभावले काममा अलमल हुने, पापकर्ममा मन जाने, अनावश्यक धनखर्च, मानसिक भय, पारिवारिक स्वास्थ्यमा धनखर्च, झूटा आरोप लाग्ने भएकाले शनिदेवको सेवा, पूजा, जप आवश्यक छ । यस वर्ष व्यापार, पशु व्यवसायबाट प्रशस्त आम्दानी हुनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । सामाजिक कार्य र नोकरीमा अपयश खप्नुपर्ने हुन्छ । वर्षको उत्तरार्द्ध चाहिं शुभ रहनेछ । आर्थिक दृष्टिले वैशाख, साउन, मङ्सिर र पुस महीना शुभ देखिन्छन् ।

**मीन**: वर्ष मध्यम फलदायी रहेको छ। व्यापार, व्यवसायबाट राम्रो आम्दानी हुनेछ । वैदेशिक क्षेत्रबाट लाभ हुनेछ । दाम्पत्य जीवनका समस्याहरू समाधान हुने, सन्तान सुख मिल्ने, परिवारमा माङ्गलिक कार्य हुने योग देखिन्छ। पशु व्यवसायमा घाटा, सामाजिक कार्यमा चुनौती देखा पर्नेछ । वृहस्पति, शनि, राहु र केतुको अशुभ प्रभावले अनावश्यक खर्च, आफन्तबाट धोका, मनमा अशान्ति, शरीरमा आलस्यता बढ्ने हुँदा यी ग्रहको शान्ति उपाय आवश्यक देखिन्छ। आर्थिक दृष्टिले जेठ, भदौ, पुस र माघ महीना शुभ रहेका छन् ।



कर्णाली प्रदेशको कर्णाली पुलबाट बिहानीपख उदाउँदो सूर्य र खोलाको दृश्य । तस्वीरः पङ्कज श्रेष्ठ

# नेपालसँग कूटनीतिक सम्बन्ध राख्ने मुलुकको सङ्ख्या १७६

काठमाडौं, ३० चैत/रासस

नेपाल र क्यारिबियन मुलुक बेलीजबीच कूटनीतिक सम्बन्ध स्थापना भएपछि नेपालसँग कूटनीतिक सम्बन्ध राख्ने मुलुकको सङ्ख्या १७६ पुगेको छ। नेपाल र बेलीजबीच यही अप्रिल १ तारिखमा दुवै मुलुकका संयुक्त राष्ट्रसङ्घका लागि राजदूत/स्थायी प्रतिनिधिले सोसम्बन्धी संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

मन्त्रालयमा बुधवार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता सेवा लम्सालले नेपालसँग दौत्य र कूटनीतिक सम्बन्ध भएका मुलुकको विस्तारले अन्तर्राष्ट्रियरूपमा नेपालको छवि थप फराकिलो भएको उल्लेख गरे । मन्त्रालयका पछिल्ला गतिविधि र प्रगतिबारेमा जानकारी गराउँदै उनले प्रधानमन्त्री शेरबहादुर देउवाको अप्रिल १ देखि ३ तारिखसम्म भारतको तीनदिने औपचारिक भ्रमणले दुवै मुलुकका सम्बन्धका बहुआयामिक क्षेत्रमा छलफल भएको र दुई देशबीचको सहयोगात्मक सम्बन्धलाई अझ प्रगाढ पार्ने सम्बन्धमा फलदायी भएको बताए ।

यसैगरी, सभामुख अग्निप्रसाद सापकोटाले यही अप्रिल ८ मा चिनियाँ जनवादी गणतन्त्रको राष्ट्रिय जन काङ्ग्रेसका स्थायी समिति अध्यक्ष ली झान्शुसँग भर्चुअल वार्ता गरेको बारेमा प्रवक्ता लम्सालले बताए। सो अवसरमा दुवै पक्षले नेपाल-चीन सम्बन्धका विभिन्न पक्षमा गहन विचार आदानप्रदान गर्नुका साथै दुई देशका संसद्बीच उच्चस्तरीय भ्रमणको आदानप्रदान निरन्तर हुनुपर्नेमा जोड दिएका थिए ।

यसैगरी, प्रधानमन्त्री देउवाले गत मार्च ३० मा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) को पाँचौं शिखर सम्मेलनलाई भर्चुअल सम्बोधन गरेका थिए । प्रधानमन्त्री देउवाले बिम्स्टेक सदस्य राष्ट्रले व्यापार, लगानी, ऊर्जा, कनेक्टिभिटी, जलवायु परिवर्तन र जनजन सम्पर्क जस्ता सहयोगका क्षेत्रमा सामूहिकरूपमा चाल्नुपर्ने कदमकाबारेमा धारणा व्यक्त गरेका थिए ।

भर्चुअल हस्ताक्षर समारोहपछि शिखर सम्मेलनले बिम्स्टेक वडापत्र पारित गरेको थियो । नेपालकोतर्फबाट प्रधानमन्त्रीले वडापत्रमा हस्ताक्षर गरेका थिए । श्रीलङ्काको कोलम्बोमा भएको शिखर सम्मेलनमा नेपालका तर्फबाट परराष्ट्र मन्त्री डा नारायण खड्कालगायत सहभागी थिए ।

यस्तै परराष्ट्रमन्त्री डा खड्काको मैत्रीपूर्ण निमन्त्रणमा जनवादी गणतन्त्र चीनका स्टेट काउन्सिलर तथा परराष्ट्रमन्त्री वाङ यीले मार्च २५ देखि २७ तारिखसम्म नेपालको भ्रमण गरेका थिए ।

सो अवसरमा दुई पक्षबीच नेपाल-चीन सम्बन्ध र सहयोगका महत्वपूर्ण पक्षमा छलफल हुनुका साथै आपसी सम्बन्धलाई थप सुमधुर बनाउन उच्चस्तरीय भ्रमणको आदानप्रदानको महत्वमा जोड दिइएको थियो ।

# जनप्रनिनिधिले पुनः उठ्न पदबाट राजीनामा दिन नपर्ने

काठमाडौं, ३० चैत/रासस

सर्वोच्च अदालतले जनप्रतिनिधिले राजीनामा दिएर मात्रै निर्वाचनमा जान पाउने आचारसंहिताविरुद्ध परेको भ्याकेट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । न्यायाधीश तेजबहादुर केसी र कुमार रेग्मीको संयुक्त इजलासले बुधवार सुनुवाइ गर्दै रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। अदालतको उक्त आदेशसँगै जनप्रतिनिधिले पुनः उठ्न पदबाट राजीनामा दिन नपर्ने भएको छ।

सिन्धुपाल्चोक हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले गत चैत ७ गते निर्वाचन आयोगको जनप्रतिनिधिले पुनः उठ्न आफ्नो पदबाट राजीनामा दिनुपर्ने आचारसंहिताविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले रिट निवेदनमाथिको प्रारम्भिक सुनुवाइ गर्दै गत चैत ८ गते आयोगको आचारसंहिता कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो ।

अदालतको उक्त आदेशविरुद्ध आयोगले तत्काल अन्तरिम आदेश खारेज हुनुपर्ने उल्लेख गर्दै महान्यायाधिवक्ता कार्यालयमार्फत् भ्याकेटको निवेदन दर्ता गराएको थियो । उक्त निवेदनमाथि सुनुवाइ गर्दै अदालतले जनप्रतिनिधिले पुनः उठ्न पदबाट राजीनामा दिन नपर्ने निर्णय गरेको छ ।

आयोगले निर्वाचनमा सरकारी खर्चको दुरुपयोग हुनेसक्ने भएकाले लाभ लिएर जनप्रतिनिधिले निर्वाचन प्रभावित पार्नसक्ने उल्लेख गर्दै आचारसंहितामा यस्तो व्यवस्था राखिएको जनाएको थियो।

# निर्वाचन निष्पक्ष र मितव्ययी बनाउन जोड

मोरङ, ३० चैत रासस/

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संवेदनशील भएर स्थानीय तहको निर्वाचन जिम्मेवारीपूर्वक सम्पन्न गराउन प्रमुख निर्वाचन अधिकृत तथा स्वघोषणाले उम्मेदवारलाई जिम्मेवार बनाएको धारणा व्यक्त गरे ।

उनले आयोगले निर्वाचन आचारसंहिता पालना भए नभएको विषयमा संयन्त्र निर्माण गरी अनुगमन

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया। तस्वीरः फाइल



निर्वाचन अधिकृतहरूलाई निर्देशन दिएका छन् ।

निर्वाचन आयोग नेपालद्वारा आयोजित स्थानीय तह निर्वाचन-२०७९ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रादेशिक प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उनले स्थानीय तहको निर्वाचन निष्पक्ष, स्वतन्त्र एवं मितव्ययी बनाउन जोड दिए।

उनले स्थानीय तहको निर्वाचनका लागि आयोगले संविधान र कानून अनुसार सबै प्रक्रिया अगाडि बढाएको बताउँदै निर्वाचन निर्देशिका एवं गर्ने जानकारी पनि दिए । उनले १० हजार २०० मतदानस्थलमा टेलिफोन, इन्टरनेट सुविधा पुगेको बताए ।

प्रदेश नं १ का प्रमुख सचिव डा रामप्रसाद घिमिरेले निर्वाचनलाई उत्सवका रूपमा लिई स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्न सबैले जिम्मेवारीपूर्वक कार्य गर्न जोड दिए । प्रशिक्षण कार्यक्रममा प्रदेश नं १ को खोटाङ, ओलखढुङ्गा र सोलुबाहेक ११ जिल्लाका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत गरी १२० जनाको सहभागिता छ ।

# रोग संवरण, निवारण र स्वस्थ जीवन यात्राको संक्षिप्त इतिहास

रोग र उपचारको कथा सृष्टिको उत्पत्तिदेखि नै शुरू हुन्छ । कतिपय जनावर र चराले आफ्नो उपचार आफैं गरेको देखिन्छ । यो उसको प्रकृतिप्रदत्त सहज ज्ञानले स्वयम् सञ्चालित हुन्छ । कुकुरले आफ्नो घाउ चाटेर निको पार्छ । चराहरूलाई उसको ब्रह्म ज्ञानले नै पानीमा नुहाउने र सफा हुने भन्छ । मानिस पनि एक जनावर भएको कारण शुरू–शुरूमा आफ्नो ब्रह्म ज्ञानको नै प्रयोग गरेको होला । बुद्धिको प्रयोग गर्न सिपालु भएको कारण उसको परिचय ओषधीय बोटबिरुवासँग भयो । बिस्तारै सभ्यताको विकास सँगसँगै चिकित्सकीय जडीबुटीको व्यापक पहिचान र उपयोग भएको हो । कालान्तरमा यिनै जडीबुटी आयुर्वेदको रूपमा लिपिबद्ध गरियो । अथर्ववेदको अवतरण ५००० बिसी पहिले भयो । हरेक सभ्यताले आफ्नो भिन्न उपचार पद्धतिको प्रयोग गर्‍यो, जसमा निस्सन्देह आर्य परम्परामा विकसित आयुर्वेदको सर्वाधिक महत्त्व छ । तर पनि हडप्पा र मोहन्जोदडोबाट प्राप्त शौचालय, स्नानागार, ढलनिकास र नगर व्यवस्थाको भव्यताले त्यस सभ्यताको पनि सरसफाइ र सामुदायिक तथा स्वस्थ जीवनको बयान गर्छ । आयुर्वेदिक परम्परामा प्रथम चिकित्सक धनवन्तरिको अमृतकलशसहित भएको उदय मिथक लागे पनि सञ्जीवनी र सोमलताको खोज ऐतिहासिक हो । यस ऐतिहासिक परम्पराको मजबूत जन्म अत्रेय, चरक, सुश्रुत र बागभट्टबाट शुरू भएको मान्न सकिन्छ । अत्रेय तक्षशिलाका प्राध्यापक थिए । चरकसंहिताका लेखक चरक सम्राट कनिष्कको राजकीय चिकित्सक थिए । भनिन्छ कि तक्षशिलाका नै राजनीति र अर्थशास्त्रका प्रख्यात प्राध्यापक चाणक्य रसायन र विष विज्ञामा पनि पारङ्गत थिए । सुश्रुत शल्यचिकित्साका जनक हुन्, जसले कान, नाक, घाँटी आदि सबै प्रकारका शल्यचिकित्सामा पारङ्गत थिए । भनिन्छ कि अङ्ग्रेजले राइनोप्लास्टी अर्थात् कानको शल्यक्रिया भारतबाट नै सिकेका हुन् । सभ्यताको राजकीय अवसानको साथ वात, पित्त कफको त्रिदोष सिद्धान्तमा आधारित यस आयुर्वेदको पनि अवसान भयो । मुस्लिम आक्रान्ताहरूले आफ्नो हकिमी वा युनानीको प्रयोग शुरू गरे । ८०० बिसीमा आयुर्वेदको लिखतलाई नै ८०० एडीतिर मध्यपूर्वकाले अनुवाद गरे र आफ्नो भनी हकिमी वा युनानी भनी प्रसार गरे । तर पनि लुकमान यस पद्धतिका एक महान् मौलिक हकीम थिए । यसमा आयुर्वेदमा वर्णित बोटबिरुवा नै अलग नामले प्रसिद्ध छन् । हनीमेनले होम्योपैथीको आविष्कार जर्मनीमा गरे पनि अहिले यो मुख्यतः भारतको भएर गएको छ । यसरी आयुर्वेदको साथ हकिमी र होम्योपैथी पनि अब भारतको नै रैथाने उपचार पद्धतिमा दरिएका छन् ।

**चिनियाँ पद्धति**ः यसको प्रादुर्भाव २७०० बिसीमा हुन्छ । यस पद्धति अनुसार याङ भनेको मस्कुलिन वा पोजिटिभ र यिन भनेको फेमिनिन वा नेगेटिभ तत्त्व हरेक मानिसमा हुन्छ । यी दुई तत्त्वको सन्तुलनले मानिस स्वस्थ रहन्छ र असन्तुलनले अस्वस्थ हुन्छ । यसरी चिनियाँ सिद्धान्त भारतको अर्द्धनारीश्वर जस्तो लाग्छ र आयुर्वेदको त्रिदोषको सट्टा याङ र यिन सिद्धान्तमा आधारित छ । छापाको आविष्कार गर्ने चीन अद्भुतरूपले खोपको बारेमा पनि जानकार थिए । एक्युपञ्चर पनि चीनको मौलिक उपचार पद्धति हो, जो नसाको संवेदनशील संवहन सिद्धान्तमा आधारित छ ।

**मेसोपोटामियन पद्धति**ः यस सभ्यताको उदय ६००० वर्ष पुरानो हो, जो आजको इराकको केही भागलाई समेट्छ । यस सभ्यतालाई क्रैडल अफ दी सिभिलाइजेशन पनि भनिन्छ । यसले बिमारीको सुपरनेचुरल र डेमन सिद्धान्तलाई माने पनि यहाँ चिकित्सकलाई पैसा दिने चलन, रोग ठीक भएमा पुरस्कार र ठीक नभए सजाय दिने पनि चलन थियो । यसको अनुसार स्वस्थ र अस्वस्थता पुण्य र पापको सुपर नेचुरल शक्ति तय गर्छ । जुन आज पनि भारत र नेपालमा प्रचलित छ, जहाँ रोगको उपचार तन्त्रमन्त्र र धामीझाँक्रीले गरेको पाइन्छ । यो आज पनि अन्धविश्वासको रूपमा धेरैजनाको ज्यान लिने गरेको छ । खोइ कुन्नि तन्त्रमन्त्रको शक्ति कति छ तर आज पनि यो अन्धविश्वाको रूपमा जीवित छ । सर्पदंशको उपचारको क्रममा हामी चिकित्सकले पनि बिरामीलाई जगाइराख्ने गर्छौं । मन्त्र भन्नेहरूले पनि सर्पदंशको उपचारमा कानमा जोडजोडले ध्वनि प्रवाहित गर्नु कताकता मान्छेलाई ब्यूँझाइराख्ने उपक्रम नै लाग्छ ।

**इजिप्सियन पद्धति**ः यो २००० बिसीमा विकसित सभ्यता थियो । यहाँको सुरक्षित ममी र अद्भुत पिरामिडले नै बयान गर्छ । त्यहाँका मानिस रसायन, गणित र भवन निर्माण कलामा निपुण थिए । कृमि, लकवा, पोलियो आदि धेरै प्रकारका रोगको वर्णन यस पद्धतिमा छ । हैजाको खोप र मुसाले प्लेग सार्छ भन्ने ज्ञान पनि उनीहरूमा थियो । उनीहरूको सिद्धान्तमा आँतबाट नोक्सान गर्ने पदार्थको अवशोषणले रोग हुन्छ । त्यसैले उनीहरूको रोगोपचारमा परगेटिभ, एनिमा सामेल हुन्थ्यो । आँखा, कान र दाँत आदिका बेग्लाबेग्लै चिकित्सक पनि त्यहाँ हुन्थे । लामखुट्टेबाट बच्न झुलको प्रयोग उनीहरूलाई राम्ररी थाहा थियो । आखिर यो पनि ग्रीक पद्धतिबाट विस्थापित भएको हो ।

ग्रीक र रोमन पद्धति नै पश्चिमा चिकित्साको जग हो । यसको बोलवाला ४०७ देखि १३६ बिसी सम्म पाइन्छ । ग्रीकमा नै हिपोक्रेट्स पैदा भए, जो एलोपैथी उपचारका जनक हुन् । उनी एक सफल चिकित्सक र इपिडिमियोलोजिस्ट मात्र थिएनन्, सोको विस्तार एक मेडिकल स्कूल जस्तो पनि गरे । उनले पचासौं विद्यार्थी शिष्यलाई एक साथ पढाउने गर्थे । उनैले चिकित्सकका लागि 'कोड अफ कन्डक्ट बनाए' जसलाई 'हिपोक्रेटिक ओथ' भनिन्छ । हरेक चिकित्सकले यो ओथ लिन अनिवार्य हुन्छ ।

**रोमन पद्धति**ः जब ग्रीसको पतन र रोमको उदय भयो, तब चिकित्साको केन्द्र पनि एथेन्सबाट रोममा सर्‍यो । तर रोमनहरूले ग्रीक पद्धतिलाई छाडेनन् र त्यसैको विकास गर्दै गए । त्यसले नै आज आधुनिक चिकित्साको रूपमा सो पद्धतिको चरम विकास गरेको छ । रोममा महान् चिकित्सक गेलेन थिए, जसले शरीर विज्ञान र शरीरक्रिया विज्ञान अर्थात् एनाटोमी र फिजियोलोजीको जग राखे । उनी रोमन सम्राट मरक्युस औरेलियसका राजकीय चिकित्सक थिए । उनले रोगका तीन आधुनिक फैक्टरको सिद्धान्त दिए । प्रिडिस्पोजिङ फैक्टर अर्थात् जुन रोगको सुरुआती कारण हो, एक्साइटिङ फैक्टर अर्थात् जसले रोगलाई तीव्र पार्छ र अर्को इन्भायरमेन्टल फैक्टर । यहाँ रोमन वैसालियसको कुरा गर्नु पनि आवश्यक छ, जसले चिहानबाट रातको समयमा चोर जस्तो लाश निकालेर एक्लै त्यसको चिरफाड गरेर नसा–नसाको अध्ययन र नामकरण गर्थे । मान्छे अक्सर उनलाई समातेर पिट्ने पनि गर्थे, तापनि उनको कामप्रतिको प्रतिबद्धता कम भएन ।

यसरी पूर्व र पश्चिममा दुई भिन्न उपचार पद्धतिको विकास हुन्छ । पूर्वीय पद्धतिमा आयुर्वेद र युनानी तथा पश्चिममा एलोपैथी र होम्योपैथी । आज हामी चिकित्साको जुन विकसित रूप हेर्न पाएका छौं, त्यो यसरी परम्पराबाट बिस्तारै विकसित हुँदै गएको विज्ञान हो । मेरो विचारमा एलोपैथ सर्वव्यापक भएपनि आयुर्वेदको सिद्धान्तलाई नै पछ्याइरहेको छ । आयुर्वेदले अमरतासम्मको यात्रा तय गरिसकेको थियो, जबकि एलोपैथी अहिले बाटोमा नै छ । तर पनि एलोपैथीको विकास अद्भुत र अचम्मित गर्ने खालको छ । जबकि आयुर्वेदको विकास ठप्प प्रायः भएको छ ।

**मन्तव्य**



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**यसरी पूर्व र पश्चिममा दुई भिन्न उपचार पद्धतिको विकास हुन्छ । पूर्वीय पद्धतिमा आयुर्वेद र युनानी तथा पश्चिममा एलोपैथी र होम्योपैथी । आज हामी चिकित्साको जुन विकसित रूप हेर्न पाएका छौं, त्यो यसरी परम्पराबाट बिस्तारै विकसित हुँदै गएको विज्ञान हो ।**

# तीन बुँदे सहमति कार्यान्वयनका सम्बन्धमा प्रधानमन्त्री र विप्लवबीच भेटवार्ता

काठमाडौं, ३० चैत/रासस

प्रधानमन्त्री शेरबहादुर देउवासँग नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को टोलीले भेटवार्ता गरेको छ । भेटका क्रममा सरकारतर्फबाट प्रधानमन्त्रीसहित गृहमन्त्री बालकृष्ण खाँण, प्रमुख सत्तारूढ दल नेपाली काङ्ग्रेसका उपसभापति पूर्णबहादुर खड्का, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे तथा नेकपाका तर्फबाट महासचिव विप्लव र प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' सहभागी थिए ।



तस्वीरः रासस

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको भेटवार्तामा नेपाल सरकार र नेकपाबीच भएको तीन बुँदे सहमति कार्यान्वयन र निर्धारित स्थानीय तह निर्वाचनबारे कुराकानी भएको प्रधानमन्त्रीको सचिवालयले जानकारी गराएको छ । भेटमा मुख्यगरी सरकार र नेकपाबीच भएको तीन बुँदे सहमतिमा उल्लिखित विभिन्न आरोपमा जेलमा रहेका नेकपामा नेता, कार्यकर्ताको रिहाइ र अदालतमा रहेका मुद्दा फिर्ताबारे कुराकानी भएको बताइएको छ ।

भेटका क्रममा नेकपाका नेताले कार्यकर्ता रिहाइ र मुद्दा फिर्तालाई छिटो टुङ्गोमा पुर्‍याउन आग्रह गरेका थिए । सोही अवसरमा नेकपासँग सरकारले गरेको तीन बुँदे सहमति कार्यान्वयन गर्न सरकार गम्भीर रहेको प्रधानमन्त्री देउवाले बताएका थिए ।

वार्तामा नेकपा बैठकको निर्णयअनुरूप निर्वाचनमा भाग लिएमा सहजीकरण गर्न सरकार तयार रहेको सरकारी पक्षले बताएको थियो । वार्तामा सरकारी पक्षले नेकपा निर्वाचनमा माग लिने भएमा निर्वाचन आयोगमा दल दर्ता, बन्दी नेता कार्यकर्ता रिहाइ, छुट मतदाता नामावली थप गर्न पहल गर्न सकिने बताएको थियो ।

नेकपाका तर्फबाट वार्तामा सहभागी नेताहरूले आफूहरू सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयन भएमा निर्वाचनमा सहभागी हुने बताएका थिए ।

(बाँकी अन्तिम पातामा)



नयाँ वर्ष २०७९ लाई स्वागत गर्दै फुलेको यो फूल । तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

# गर्मी बढेसँगै हिट स्ट्रोकको जोखिम बढ्छ

अप्रिल महीनामा चर्को गर्मीको प्रभाव देखिन थालेको छ । अहिले तापक्रम ४० डिग्री नाघेको छ । विज्ञहरूका अनुसार तापक्रम ४५ र सोभन्दा माथि पुगेपछि



गर्मीको खतरा टाउकोमा घुम्न थाल्छ ।

चिकित्सकका अनुसार ४५ डिग्रीभन्दा माथि जाँदा चर्को घामले शरीर जलाउन थाल्छ, पङ्खा र कुलर प्रयोगविहीन हुन्छन् । यस्तो अवस्थामा शरीरको थर्मोस्टेट पनि गडबड हुन थाल्छ । थर्मोस्टेटमा बाधा पुगेर शरीरको प्राकृतिक शीतल प्रणालीले काम गर्न छोड्छ । जसका कारण हिट स्ट्रोकको जोखिम बढ्छ ।

**हिट स्ट्रोकको कारण**

कडा घाममा घरबाट बाहिर लामो समय घाममा बस्दा शरीरको तापक्रम सामान्यभन्दा बढी हुन्छ ।

थाइराइड असन्तुलित हुँदा र तातो गर्मी मौसममा रगतमा चिनीको मात्रा कम हुँदा यो जोखिम निकै बढ्छ ।

कमजोर प्रतिरक्षा प्रणाली, मदिराको सेवन, उच्च रक्तचापका बिरामी र एन्टीडिप्रेशन औषधिको नियमित प्रयोगले पनि यो समस्या बढ्दै गएको छ ।

**यी लक्षण देखिन्छन्**

खुट्टा दुख्ने, कडापन हुने, टाउको भारी हुनु वा दुख्नु, अनुहार रातो हुनु, वाकवाकी लाग्नु, आँखा पोल्ने, पखाला लाग्नु, बारम्बार तिर्खा लाग्नु, रक्तचाप बढ्नु, अत्यधिक कमजोरी हुनु, बेहोश हुनु, छाला र नाक सुक्खा हुनु आदि लक्षणहरू देखा पर्छन् । हिट स्ट्रोकको अवस्थामा व्यक्तिलाई विशेष हेरचाह चाहिन्छ । यदि कुनै कारणले यस्तो अवस्थामा पनि घाममा बस्नुपर्‍यो भने अवस्था घातक हुन सक्छ ।

**यी सावधानीहरू अपनाउनुहोस्**

धेरैभन्दा धेरै पानी र तरल आहार लिनुहोस्, ताकि डिहाइड्रेशनको समस्या नहोस् । घाममा शरीर छोप्ने, बाक्लो सुती कपडा लगाउने ।

चीसो चीसो चीजहरू जस्तै काँचो आँप, सर्बत, छाछ, लस्सी आदि खानुहोस् । घरबाट खाली पेट ननिस्कनुस् । घाममा निस्कनुअघि एक गिलास पानी पिउनुहोस् । तर घामबाट आउने बित्तिकै तुरुन्तै पानी पिउनुहुँदैन । केहीबेर पर्खनुहोस् र पिउनुहोस् । हरियो सागसब्जी र फलफूल प्रशस्त खानुहोस् । तरल आहार लिइरहनुहोस् । छाता ओढेर घाममा निस्कनुहोस् ।

आफ्नो साथमा ग्लुकोज राख्नुहोस्, ताकि आवश्यक पर्दा तुरुन्तै पिउन सकियोस् ।

# रणवीर–आलियाको विवाह

बलिउड अभिनेता रणवीर कपूर र आलिया भट्टको विवाहको सबैलाई उत्सुकताका साथ प्रतीक्षा थियो ।

विवाहको संस्कार शुरू भइसकेको छ । गणेश पूजाबाट कार्यक्रम शुरू भएको हो । पूजापछि विवाहको पहिलो संस्कार मेहदी थियो । आलियाको मेहदी समारोहपछि अन्य सबै संस्कार हुने बताइएको छ ।



**दुवै परिवार चमचमाउँदो सवारीसाधनमा पुगे**

यो विवाहमा सहभागी हुन रणवीर कपूर र आलिया भट्टका परिवारका सदस्यहरू समारोहस्थलमा चमचमाउँदो सवारीसाधनमा पुगेका छन् । नीतु कपूर, रिद्धिमा कपूर, महेश भट्ट, पूजा भट्ट, करीना कपूर, करिश्मा कपूर चम्किरहेका गाडीमा देखिएका थिए ।

**गोपनीयता कायम**

रणवीर कपूर र आलिया भट्टको विवाहमा गोपनीयता कायम राख्न हरसम्भव प्रयास भइरहेको छ । विवाहस्थलदेखि विधिसम्मत सबै कुरा गोप्य राखिएका छन् । प्रत्येक आगन्तुक अतिथिले पनि यो गोपनीयता कायम राख्नुपर्नेछ ।

**फोन क्यामेरामा स्टिकर**

कार्यक्रममा परिवारका सदस्यबाहेक केही चुनिएका पाहुनाको सूची पनि छ, जो कार्यक्रममा सहभागी हुनेछन् । तर उनीहरूलाई केही प्रतिबन्ध लगाइएको छ । आगन्तुक पाहुनाको फोनको क्यामेरा बन्द गरिनेछ । विवाह समारोहमा पाहुनाहरूले कुनै पनि तरीकाले भित्रको फोटो र भिडियो खिच्न नपाउने गरी क्यामेरामा स्टिकर टाँसिनेछ ।

**आधिकारिक बयान छैन**

सेक्युरिटी युनिट नजीकै स्टिकरको रोल दिइएको छ र आउने सबै पाहुनाको मोबाइल क्यामेरालाई स्टिकरले कभर गरिनेछ । रणवीर–आलियाको विवाह समारोह अब शुरू हुन लागेको छ । यद्यपि परिवारको तर्फबाट अहिलेसम्म कुनै आधिकारिक धारणा आएको छैन । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूससँग वार्तामा युक्रेनको अडान कायमै

किभ, ३० चैत/सिन्ह्वा

रूसद्वारा युक्रेनमाथि भएको हमलाको विषयमा वार्ता गर्न गठित युक्रेनी वार्ता टोलीका संयोजकले युक्रेनले राखेका शर्तहरू कुनै पनि हालतमा परिवर्तन नहुने अडान दोहऱ्याएका छन् । उनले युक्रेनले रूससँग वार्ता गर्ने तर यस अघि राख्दै आएका अडानबारे कुनै परिवर्तन नहुने बताएका हुन् ।


तस्वीरः सिन्ह्वा

रूससँग वार्ता गर्नका लागि युक्रेनद्वारा गठित वार्ता टोलीका संयोजक डेभिड अरखमानियाले सो धारणा व्यक्त गरेका हुन् । उनले मङ्गलवार ट्वीट गर्दै भनेका छन्– हामी स्तानबुलमा भएका सम्झौताबारे अडिग छौं र त्यसमा कुनै परिवर्तन गर्ने पक्षमा छैनौं ।

अहिले रूसी पक्षबाट विभिन्न शर्तहरू आएका र स्तानबुल सम्झौताको पनि अलग्गै व्याख्या गर्न खोजिएको पाइएकोले यदि त्यस्तो भयो भने उक्त सम्झौतासमेत भङ्ग हुने त्रास रहेको पनि बताए । उनले युक्रेन पहिलेदेखि आफ्ना अडानहरूमा स्पष्ट रहेको र अहिले पनि फेरबदल गर्ने पक्षमा नरहेको बताएका छन् ।

**मारिउपोलमा युक्रेनी सैनिकद्वारा आत्मसमर्पण**

एक हजारभन्दा बढी युक्रेनी सैनिकले पूर्वी युक्रेनको बन्दरगाह शहर मारिउपोलमा आत्मसमर्पण गरेका रूसको रक्षा मन्त्रालयले बुधवार जानकारी दिएको छ । ती सैनिकहरूलाई रूसी सेनाले एक महीनाभन्दा बढी समयदेखि घेरामा राखेका थिए । मारिउपोल शहरमा एक हजार २६ युक्रेनी सैनिकले स्वेच्छाले हतियार त्यागेर आत्मसमर्पण गरेको मन्त्रालयले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ । रासस

## हिउँदे बाली मेशिन प्रविधिसम्बन्धी अवलोकन

प्रस, परवानीपुर, ३० चैत/

कृषि औजार अनुसन्धान केन्द्र, वीरगंजको आयोजनामा एक दिने हिउँदे बाली मेशिन प्रविधिहरूको स्थलगत अवलोकन मूल्याङ्कन भ्रमण सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

पर्सा र बाराका कृषि मन्त्रालयका विभिन्न निकाय तथा किसानहरूको संयुक्त टोलीले बारा र पर्साका विभिन्न ठाउँमा लगाइएको आलु, गहुँ, मकै तथा उखु बालीको अवलोकन तथा रोप्ने प्रविधिको बारेमा अध्ययन गरेको छ । शुरूमा टोलीले बाराको त्रिवेणीमा पारस ठाकुरले लगाएको आलुखेतीको अवलोकन गरेको थियो । त्यहाँ पोटेटो प्लान्टर तथा डिजर मेशिनबाट आलु रोप्ने र आलु खन्ने विधिको प्रदर्शन गरी किसानहरूलाई देखाइएको थियो ।

त्यसपछि पर्साको बिजवनियामा अभय यादवले लगाएको गहुँ र मकै बाली पनि निरीक्षण गरिएको थियो । बिजवनियामा कार्बोहैपी सिडरबाट लगाइएको गहुँ र जीरो टिलेज प्रविधिबाट लगाइएको मकै बालीको अवलोकन गरिएको थियो ।

भ्रमणको अन्त्यमा राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, जीतपुरको फिल्डमा सहभागीहरूलाई लगेर पिट डिजर मेशिनको सहायताले उखुबाली लगाउने र सुगरकेन प्लान्टर प्रविधिको सहायताले उखु लगाउने विधि पनि प्रदर्शन गरिएको थियो ।

अहिले कृषि मजदूरको अभाव हुँदा आधुनिक यन्त्रहरूको सहायताले बाली लगाउँदा पारम्परिक विधिमा भन्दा लागत खर्च धेरै कम हुने र उत्पादन पनि बढ्ने अवलोकन भ्रमण क्रममा किसानहरूलाई सुझाव दिइएको थियो ।

आयोजक कार्यालयका प्रमुख सचिन मिश्रको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख मुनिलाल प्रसाद, कृषि अनुसन्धान निर्देशनालय, मधेस प्रदेश, परवानीपुरका निर्देशक डा बिपी यादव, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमका संयोजक डा दिलराज यादव, कृषि ज्ञान केन्द्र, बारा, प्रधानमन्त्री आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ पर्सा, बारा, रौतहटका प्रतिनिधि, राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, धनुषा, कृषि अनुसन्धान केन्द्र, धनुषाका प्रतिनिधि, पर्सा र बाराका करीब २० जना किसानको सहभागिता थियो ।

## दुई तिहाइ सुडानी खाद्य असुरक्षाको समस्यामा

संयुक्त राष्ट्रसङ्घ, ३० चैत/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले सुडानका कम्तीमा पनि दुईतिहाई नै जनसङ्ख्या खाद्य असुरक्षामा पर्न लागेको जनाएको छ । आगामी महीना यहाँका करीब ७७ लाख नागरिकले खाद्य असुरक्षा भोग्न सक्ने अनुमान संयुक्त राष्ट्रसङ्घले गरेको छ । संयुक्त राष्ट्रसङ्घले मङ्गलवार सार्वजनिक गरेको तथ्याङ्कमा सो कुरा उल्लेख गरिएको छ ।

उक्त तथ्याङ्कका अनुसार यहाँका ७७ लाख मानिस खाद्य असुरक्षामा पर्ने र यो सङ्ख्या यहाँको जनसङ्ख्याको ६३ प्रतिशत हुन आउने पनि संयुक्त राष्ट्रसङ्घले जनाएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायले सुडानको यो समस्या मनन गरेर विश्व समुदायसमक्ष सहयोगका लागि अपिल पनि गरेको छ ।

सुडानको अवस्था दिन प्रतिदिन दयनीय बन्दै गएकोले मानवीय सहायता उपलब्ध गराउनुपर्ने सो निकायले जनाएको छ । यहाँ खडेरी, आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कटका कारण केही वर्षदेखि अरू विविध समस्याका अतिरिक्त खाद्यान्नको पनि समस्या परिरहेको बताइएको छ । रासस


तस्वीरः फाइल

## फिलिपिन्समा बाढी र पहिरोबाट ५८ जनाको मृत्यु


तस्वीरः एएफपी

बेबे, फिलिपिन्स, ३० चैत/एएफपी

फिलिपिन्समा बाढी र पहिरोबाट ज्यान गुमाउने व्यक्तिको सङ्ख्या ५८ पुगेको सरकारी अधिकारीहरूले बुधवार जनाएका छन् । उद्धारकर्ताहरूले हिम-पहिरोले प्रभावित क्षेत्रमा थप शव निकालेको पनि ती अधिकारीहरूले जानकारी दिएका छन् ।

'मेगी' नाम दिइएको यस शक्तिशाली आँधीका कारण लेयटको मध्य प्रान्तको बेबे शहर वरपरका गाउँहरूमा धेरै मानिसको मृत्यु भएको समाचारमा जनाइएको छ । रासस

## आक्रमणमा २३ जनाको मृत्यु

लागोस, ३० चैत/सिन्ह्वा

मध्य नाइजेरियाली प्रान्त बन्यूमा हतियारधारीहरूले गरेको आक्रमणमा परी कम्तीमा २३ जनाको ज्यान गएको छ ।

उक्त प्रान्तको तारका नामक नगरमा हतियारधारीहरूले हमला गरेका थिए । उक्त हमलामा परेर ती नागरिकको ज्यान गएको अधिकारीहरूले जनाएका छन् ।

अज्ञात हतियारधारीहरूले यस नगरका दुई फरक-फरक समुदायका नागरिकमा हमला गरेका थिए । बेन्यू प्रान्तका प्रहरी प्रवक्ताले सो आक्रमणले यहाँका दुई फरक समुदायलाई तारो बनाएको बताएका छन् । त्यस क्रममा भएका आक्रमणमा परेर गाउँलेको ज्यान गएको थियो ।

सोमवार राति भएको आक्रमणको अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । उक्त राज्यमा विगत लामो समयदेखि विभिन्न जातिबीच हत्याको शृङ्खला नै चल्ने गरेको छ । एकले अर्को जातिका मानिसमाथि यसरी साङ्घातिक हमला गर्ने र मानिसको ज्यान नै लिने गरेका समाचार सो प्रान्तमा प्रायः आउने बताइएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रसन्नता | वृष – वाहनकष्ट |
| मिथुन – मित्रमिलन | कर्कट – धनलाभ |
| सिंह – अन्नलाभ | कन्या – व्यर्थभ्रमण |
| तुला – आरोग्यता | वृश्चिक – मिष्ठानभोजन |
| धनु – ईश्वरभक्ति | मकर – अलमल |
| कुम्भ – नारीसुख | मीन – नारीसुख |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

स्वच्छ परिवार,
सुखको आधार ।
वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## बाल दिवसमा अन्तर्क्रियात्मक खेल कार्यक्रम

प्रस, वीरगंज, ३० चैत/

अन्तर्राष्ट्रिय सडक बालबालिका दिवसको अवसरमा कला कार्यशाला तथा अन्तर्क्रियात्मक खेल कार्यक्रम सम्पन्न भएको छ ।

वीरगंज महानगरपालिका कार्यालयको समन्वयमा जिल्ला बाल क्लब समन्वय सञ्जाल, पर्साको सहकार्य र आवर संसार नेपालको आयोजनामा वीरगंजमा कार्यक्रम सम्पन्न भएको हो ।

आवर संसार नेपालका अध्यक्ष मुकेश साहको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन महानगरपालिकाका बाल अधिकार सम्पर्क व्यक्ति मुकेश गुप्ताले गरेका थिए । कार्यक्रममा अतिथि सपना साह, जिल्ला बाल क्लब समन्वय सञ्जाल, पर्साका सहसचिव कमल साह, नगर बाल सञ्जाल, वीरगंजका अरविन्द यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा बाल हेल्पलाइन वीरगंज, परवानीपुर र सानो घरका बालबालिकाको सहभागिता थियो । कार्यक्रमको सहजीकरण जिल्ला बाल क्लब समन्वय सञ्जाल, पर्साकी उपाध्यक्ष मानसी नेपालीले गरेकी थिइन् ।


तस्वीरः प्रतीक

## टाइफाइड खोपबारे तालीम

प्रमोद यादव, पंचगावाँ, ३० चैत/

पर्साको पटेर्वासुगौली गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा पटेर्वासुगौली गापा-३ अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापक र सहायक शिक्षिकाहरूको सहभागितामा एक दिने टाइफाइट रोगविरुद्ध खोप अभियानसम्बन्धी सूक्ष्म योजना तयार गर्ने कार्यक्रम सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

कार्यक्रममा देकुली स्वास्थ्य चौकीका सिनियर अहेब प्रवीण चौधरीले प्रशिक्षण दिएका थिए । १५ महीनादेखि १५ वर्षसम्मका बालबालिकाहरूलाई टाइफाइट रोगविरुद्ध खोप सबैलाई लगाउन विद्यालयका शिक्षकहरूको महत्त्वपूर्ण भूमिका रहने हुँदा कार्यक्रमको आयोजना गरिएको हो ।

मानव शरीरको आन्द्रा र पित्तथैली साथै रगतमा असर गरी देखिने लक्षणलाई टाइफाइट रोग भन्ने गरिएको र उक्त रोगविरुद्ध खोप अभियान सञ्चालन गर्न कार्यक्रमको आयोजना गरिएको पटेर्वासुगौली गापाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले बताए ।

## प्रधानाध्यापक तीन लाख नगदसहित पक्राउ

प्रस, रौतहट, ३० चैत/

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले प्रधानाध्यापकलाई तीन लाख नगदसहित पक्राउ गरेको छ ।

विश्वेश्वरप्रसाद कोइराला आदर्श माध्यमिक विद्यालय जोकहा-घिउराका प्रधानाध्यापक राकेशकुमार ठाकुरलाई तीन लाख नगदसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले बुधवार बिहान पक्राउ गरेको हो ।

करार सेवामा नियुक्ति दिएबापत तीन लाख रुपैयाँ घूस लिएको आयोगमा परेको उजुरीको आधारमा आज बिहान ७ बजे यमुनामाई गाउँपालिकाको सरुअठा चोकमा रकमको लेनदेन गर्दा अख्तियारको टोलीले नियन्त्रणमा लिएर खानतलाशी गर्दा घूसबापतको रकम झोलाबाट बरामद भएको थियो ।


तस्वीरः फाइल

पक्राउ परेका प्रअ ठाकुरलाई आवश्यक अनुसन्धानको लागि काठमाडौं लगिएको जनाइएको छ ।

# पर्सामा गठबन्धन हुँदैन –नेता रिजाल

प्रस, वीरगंज, ३० चैत/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं मधेस प्रदेश संयोजक रमेश रिजालले पर्सा जिल्लामा गठबन्धन नहुने बताएका छन्।

नेपाली काङ्ग्रेस, पर्सा क्षेत्र नं ४ ले कालिकामाई गाउँपालिका–२ भेडिहारीमा आयोजना गरेको चुनावीसभामा उनले पर्सा जिल्लाका १४ वटा पालिकामा काङ्ग्रेसको बलियो पकड भएको र काङ्ग्रेसकै उम्मेदवारहरू जित्ने दाबी गर्दै गठबन्धन जिल्लामा आवश्यक नभएको बताए।



तस्वीर: प्रतीक

काङ्ग्रेस एक्लै लड्छ र जित्छ, उनले दाबी गरे। अर्का केन्द्रीय सदस्य अजय चौरसियाले पार्टीले उम्मेदवार तय गर्छ र अन्य हल्लामा नपर्न आग्रह गरे। उनले पनि गठबन्धन पर्सा जिल्लामा स्वीकार्य नहुने बताए।

नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्द्धन सिंह क्षत्रीले पनि पर्सा जिल्लाको हकमा गठबन्धन नहुने बताए। उनले पार्टीले यसअघि नै पर्सा जिल्लामा गठबन्धन स्वीकार्य नहुने भनी स्वीकार गरिसकेको र सोहीअनुरूप चुनावमा प्रचार गर्न सुझाए।

काङ्ग्रेसको नारा 'घर–घर जाउँ, काङ्ग्रेसलाई जिताउँ' लाई सार्थकता प्रदान गर्न कार्यकर्ताहरूलाई चुनावमा होमिन आग्रह गरे।

नेपाली काङ्ग्रेस, पर्सा क्षेत्र नं ४ का सभापति श्रीकान्तप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा रमेशनाथ पाण्डे, प्रेमबहादुर थापा, नवीन सिंह, जीतेन्द्र सिंह, अजय पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत एकाइ अध्यक्ष छटु साह र सहजीकरण वलिष्ठ अहमदले गरेका थिए।


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड नदिउँ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमैं चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोस्ट वा शेयर नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा शेयर नगरौं।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### तीन बुँदे सहमति कार्यान्वयन....

नेकपा र तत्कालीन सरकारबीच २०७७ फागुन २० गते तीन बुँदे सहमति भएको थियो। सहमतिमा दुवै पक्षले राजनीतिक समस्या वार्ता र संवादबाट समाधान गर्ने, नेकपाले आफ्ना सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्णरूपमा सञ्चालन गर्ने र सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध हटाउने र कारागारमा रहेका नेकपाका नेता, कार्यकर्ता रिहाइ र मुद्दा खारेज गर्ने सहमति भएको थियो। सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध यसअघि नै फुकुवा गरिसकेको छ।

### बालबालिकालाई चुनाव....

घोषणपत्र तयारी समितिका सदस्य बंगसलाल तामाङ, माओवादी केन्द्रका सदस्य डिलाराम आचार्य, जनता समाजवादी पार्टीका कार्यकारी सदस्य दुर्गा सोब, राष्ट्रिय प्रजातान्त्रिक पार्टीका हेमराज कार्की, नेकपा एकीकृत समाजवादी पार्टीका दामोदर काफ्ले, विवेकशील साझा पार्टीका हरिश भट्ट, राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेल, राष्ट्रिय मानव अधिकार आयोगकी उपसचिव मञ्जु खतिवडा, निर्वाचन निगरानी समूहका संयोजक डा कृष्ण सुवेदीलगायत सहभागी थिए।

देशभरिका विभिन्न सञ्जाल तथा बालक्लबका ३० जना प्रतिनिधिको पनि सहभागिता थियो।

### पोषण सुधारको रकममा....

अधिकृत साहले आफ्नजीकका कर्मचारी गुप्तालाई सो काम गर्न शतप्रतिशत पेश्की दिएका छन्। पोषणसम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि–२०७७ अनुसार फोकल पर्सनमार्फत नै कार्ययोजना अनुसार काम गर्ने गराउने स्पष्ट छ।

यस विषयमा कार्यकारी अधिकृत साहसँग बुझ्दा उनले एकमुस्ट अनुदानको रकम रहेको र कोही लिन नआएपछि कर्मचारीलाई पेश्की दिई खर्च गरेको बताए। धोबिनी गापाले यसरी खर्च गरे पनि अन्य पालिकाहरूले भने सार्वजनिक सूचना प्रकाशित गरेर यस शीर्षकको रकम खर्च गर्दै आएका छन्।

# खेलकूदको संसार

## झापामा पहिलोपटक सुपर लिग क्रिकेट हुने

झापा, ३० चैत/रासस

पहिलोपटक मेचीनगर नगरपालिका–६ काँकडभिट्टामा आगामी वैशाख ३ गतेदेखि सुपर लिग क्रिकेट टुर्नामेन्ट हुने भएको छ। लर्ड बुद्ध क्रिकेट एकाडेमी काँकडभिट्टाको आयोजनामा वैशाख ३ देखि १० गतेसम्म हुन लागेको टुर्नामेन्टमा राष्ट्रिय खेलाडी करण केसी र मेहबुब आलम र मञ्जित श्रेष्ठलगायत खेलाडी खेल्ने भएका छन्।

शिवशक्ति ग्रुप रसोइ झापा सुपर लिग क्रिकेट टुर्नामेन्टमा सहभागी टोलीले धमाधम राष्ट्रिय खेलाडी समावेश गर्न थालेका छन्। बिर्तामोडको बोस्टन ब्लास्टर्स क्लबले करण केसीसहितका खेलाडीलाई मैदानमा उतार्ने भएको छ।

तीन वर्ष अघि बिर्तामोडमा स्थापना भएको बोस्टन क्रिकेट एकेडेमीले जेएसएलमा राष्ट्रिय क्रिकेट टोलीका सदस्य करण केसीसहितका खेलाडी मैदानमा उतार्ने योजना रहेको अध्यक्ष सोवित बाँस्तोलाले बताए। क्लबले मार्की खेलाडीका रूपमा समिर कार्की र आइकोनिक खेलाडीका रूपमा मिनास थापालाई टोलीमा अनुबन्ध गरेको उनको भनाइ छ। टोलीको कप्तानी सुरज खड्काले सम्हाल्ने उनले जानकारी दिए।

भक्तपुर राइजिङ किङ्सले मार्की प्लेयरमा रूपक बराल र आइकोनिक प्लेयरका रूपमा पूर्व राष्ट्रिय क्रिकेटर मञ्जित श्रेष्ठलाई खरीद गरिसकेको छ। टोलीमा एक राष्ट्रिय खेलाडी समावेश गर्न पाउने प्रावधान अनुसार पूर्व राष्ट्रिय क्रिकेट अलराउन्डर मेहबुब आलमलाई अनुबन्धन गरिएको छ।

भक्तपुरबाट अमित श्रेष्ठ, प्रेम सिंह, श्रवण यादव, सुमिरन राई, ग्रिसल पौडेल, सुजन घिमिरे, विवेक पोखरेल, अर्जोधी मल्लिक, आशिकराना मगर, विष्णु कामती, शेखर खड्का, मोविन अली, सञ्जीव तामाङ, मनीष कामती र प्रवीण पुरी खेल्दैछन्।

त्यस्तै सुमन प्रसाईं, विरू श्रेष्ठ र हितेन श्रेष्ठको विराट वारियर्सले मार्की प्लेयरमा अङ्कित सुवेदी र आइकोनिक प्लेयरमा पूर्वराष्ट्रिय खेलाडी सिद्धान्त लोहनीलाई सहभागी गराउने भएको छ। राष्ट्रिय खेलाडीका रूपमा अदिल अन्सारीलाई अनुबन्ध गरिएको टोलीले जनाएको छ। अन्य खेलाडीमा अभ्यास तिम्सिना, अर्जुन दाहाल, सोनु अन्सारी, नित्य खडोरिया, विपिन महतो, अनिल लामिछाने, अनिष लुइँटेल, विनोद राउत, शिवांश बजगाईं, सन्तोष कामी, सुमित नेउपाने, वसन्त चौहान, गौरव भट्टराई, रोहिन राई र आदर्श सरियालगायत छन्।

प्रतियोगिताको विजेता टोलीले रु दुई लाख ११ हजार र उपविजेताले रु एक लाख ११ हजार पाउने छ। उपविजेताको पुरस्कार राशि काँकडभिट्टाका सञ्चार उद्यमी तथा युवानेता बालकृष्ण थापाले प्रायोजन गरेका हुन्। आयोजक क्लबका अध्यक्ष हिमाल पोर्तेलले नेपालकै चर्चित र लोकप्रिय खेलाडी सम्मिलित हुने क्रिकेट टुर्नामेन्टले झापामा मात्रै नभएर प्रदेश नं १ मैं रौनक बढाउने बताए।

## नवौं राष्ट्रिय खेलकूद आगामी जेठ २२ देखि २७ सम्म पोखरामा हुने

काठमाडौं, ३० चैत/रासस

कोरोना महामारीका कारण रोकिएको नवौं राष्ट्रिय खेलकूद आगामी जेठ २२ देखि २७ गतेसम्म हुनेछ। बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता गण्डकी प्रदेशको पोखरामा आयोजना गर्ने निर्णय गरेको युवा तथा खेलकूदमन्त्री महेश्वर गहतराजले बताए।

प्रत्येक दुई वर्षमा आयोजना हुनुपर्ने राष्ट्रिय खेलकूदको नवौं संस्करण २०७७ मा आयोजना गर्नुपर्ने थियो। विश्वव्यापीरूपमा फैलिएको कोभिड सङ्क्रमणका कारण खेलकूद स्थगित भएको थियो। नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी जेठमा आयोजना गर्न खेलकूद मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको थियो।

वर्तमान सरकार गठनलगत्तै सरकारले नवौं राष्ट्रिय खेलकूद प्रतियोगितालाई प्राथमिकतामा राखेको थियो। मन्त्री गहतराजले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै प्रतियोगिताको आयोजना गर्न पहल गरेको बताए। 'मैले मन्त्रालयको जिम्मा लिएपछि नै कोरोनाका कारण हुन नसकेको राष्ट्रिय खेलकूद आयोजना गर्न पहल गरिरहेको थिएँ," उनले भने, "समग्र परिस्थितिको विश्लेषण गरेर सरकारले जेठको अन्तिम साता प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको हो।"

जेठमा प्रतियोगिताको आयोजना नगरे निर्वाचनका कारण फेरि केही समय धकेलिने भएका कारण समयको चाप हुँदाहुँदै पनि खेलकूद आयोजना गरिएको उनको भनाइ छ।

"वैशाखको ३० गते स्थानीय निर्वाचन हुँदैछ, आगामी मङ्सिरमा सङ्घ र प्रदेशको चुनाव गर्नुपर्नेछ, वर्षात्को समयमा खेलकूद आयोजना गर्न प्राविधिक कारणले कठिनाइ छ," उनले भने, "त्यस कारण आगामी जेठमा प्रतियोगिताको आयोजना गरिएको हो।"

नवौं राष्ट्रिय खेलकूदका अधिकांश प्रतियोगिता पोखरामा सञ्चालन हुनेछन्। खेल पूर्वाधारको अभावका कारण केही खेल राजधानीमा पनि हुन सक्ने उनको भनाइ छ। राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण छिट्टै सम्पन्न हुने पनि उनले विश्वास व्यक्त गरे।

मन्त्री गहतराजले नवौं राष्ट्रिय खेलकूदलाई मध्यनजर राख्दै दुईपटक पोखरा पुगेर पूर्वाधार निर्माणको अनुगमन गरेका थिए। राष्ट्रिय खेलकूद प्रतियोगिता सम्पन भएपछि खेल क्षेत्र चलायमान हुने र अन्तर्राष्ट्रिय विश्वसनीयता पनि प्राप्त हुने उनले विश्वास व्यक्त गरे।

## टी–२० शृङ्खला विजेता खेलाडीलाई सरकारले पुरस्कृत गर्ने

काठमाडौं, ३० चैत/रासस

सरकारले त्रिकोणात्मक टी–२० शृङ्खलाका विजेता नेपाली टोलीका खेलाडीलाई नगद पुरस्कार प्रदान गर्ने भएको छ। बुधवार बसेको मन्त्रिपरिषद् बैठकले नेपाली राष्ट्रिय टोलीका खेलाडीलाई रु जनही दुई लाख प्रदान गर्ने निर्णय गरेको युवा तथा खेलकूद मन्त्रालयले जनाएको छ।

नेपाली राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक पुबुदु दासानायकेले रु एक लाख ५० हजार तथा अन्य अफिसियलले जनही रु एक लाख प्राप्त गर्नेछन्। यही चैत १४ देखि २१ गतेसम्म काठमाडौंमा भएको नेपाल, पपुवा न्युगिनी र मलेशियाबीचको प्रतियोगितामा नेपाली राष्ट्रिय टोली विजयी भएको थियो। विजेता खेलाडीलाई पुरस्कृत गर्ने प्रस्ताव खेलकूद मन्त्रालयले मन्त्रिपरिषद्मा लगेको थियो।

## निश्शुल्क आँखा शिविर

प्रस, पंचगावाँ, ३० चैत/

पटेर्वासुगौली गाउँपालिकामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग र पटेर्वासुगौली गाउँपालिकाको आर्थिक सहयोगमा पटेर्वासुगौली गापा–४ गुदरबाबा मन्दिरमा शिविर सम्पन्न भएको हो। शिविरमा २५० जनाको आँखा चेकजाँच भएकामा ७० जनामा मोतीबिन्दु फेला परेको वीरगंज सामुदायिक आँखा अस्पताल संयोजकका महेशसिंह धामीले बताए।

## सबैभन्दा धेरै रक्तदान गर्ने अहमद सम्मानित


तस्वीर: प्रतीक

प्रस, वीरगंज, ३० चैत/

स्व तारा शम्शेर जबरा रक्त सञ्चार सेवा स्मृति पुरस्करबाट तबरेज अहमद सम्मानित भएका छन्।

२०७८ सालमा सबैभन्दा बढी चारपटक रक्तदान गरेकाले अहमदलाई नेपाल रेडक्रस सोसाइटी, जिल्ला कार्यसमिति, पर्साले पुरस्कृत गरेको हो।

सोसाइटीको दोस्रो साधारणसभाको अवसरमा अहमदलाई जिल्ला समन्वय समिति, पर्साका सभापति नेकमहमद अन्सारीले पाँच हजार नगदसहित दोसल्ला, मायाको चिनो र कदरपत्रद्वारा सम्मान गरेको नेरेसो, पर्साका सभापति वीरेन्द्रराज कँडेलले बताए।

अहमदले अहिलेसम्म ४५ पटक रक्तदान गरिसकेको रक्त सञ्चार केन्द्र, वीरगंजले जनाएको छ।

कार्यक्रममा नेरेसो, मधेस प्रदेशका सभापति फूलमहमद मियाँ, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्कालगायतको सहभागिता थियो।